# आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : संविधानले प्रत्याभूत गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रता, संचार र सूचनाको हक सुनिश्चित गरी आमसञ्चारलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी र व्यावसायिक बनाई समावेशी लोकतन्त्रको सुदृढीकरण गर्न आमसञ्चार माध्यमको स्थापना र संचालनका लागि कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आमसञ्चार सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "अध्यक्ष" भन्नाले प्राधिकरणको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अन्य पत्रपत्रिका" भन्नाले समाचारपत्र र समाचार बाहेक कला, साहित्य, विज्ञान, पर्यटन, चलचित्र लगायतका विभिन्न विद्यालाई समेटी प्रकाशन हुने पत्रपत्रिका सम्झनु पर्छ ।

(ग) "आमसञ्चार" भन्नाले सूचना तथा सन्देश संप्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन तथा प्रसारण हुने सरकारी, सामुदायिक र निजी क्षेत्रवाट सञ्चालित विद्युतीय तथा मुद्रणका सञ्चार माध्यम सम्झनुपर्छ ।

(घ) "इजाजतपत्र" भन्नाले दफा ३१ बमोजिम प्राप्त गरेको इजाजतपत्र सम्झनु पर्छ ।

(ङ) "कर्मचारी" भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय कार्यको अन्तिम निर्णय गर्न अधिकार प्राप्त व्यक्ति बाहेक त्यस्तो प्रतिष्ठानको प्रशासनिक, व्यवस्थापकीय, प्राविधिक वा अन्य कार्यमा संलग्न व्यक्ति सम्झनु पर्छ ।

(च) “कार्यक्रम” भन्नाले श्रव्य वा श्रव्यदृश्यको माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रम सम्झनु पर्छ ।

(छ) “केबुल” भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण सामग्रीहरू विभिन्न ग्राहक, सदस्य वा उपभोक्ता समक्ष पुऱ्याउने प्रविधि सम्झनु पर्छ ।

(ज) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(झ) “पत्रपत्रिका“ भन्नाले समाचारपत्र, समाचारपत्रिका र अन्य पत्रपत्रिका सम्झनु पर्छ ।

(ञ) “पत्रकार” भन्नाले आमसञ्चारमा प्रसारण हुने सामग्री संकलन, लेखन वा सम्पादन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सम्पादक, फोटोपत्रकार, क्यामेरामेन¸ समाचार वाचक¸ व्यङ्ग्यचित्रकार, भाषा सम्पादक, वेभडिजाइनर र स्तम्भ लेखकसमेतलाई जनाउँछ ।

(ट) “प्राधिकरण“ भन्नाले दफा ३ बमोजिम गठन भएको आमसञ्चार प्राधिकरण सम्झनु पर्छ ।

(ठ) “प्रसारण” भन्नाले इसारा, आवाज, आकृति, तस्वीर वा अन्य यस्तै प्रकारबाट आम जनताले जानकारी पाउन सक्ने सञ्चारसेवा सम्झनु पर्छ ।

(ड) “प्रसारक” भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति, प्रस्तोता सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ढ) “प्रसारण संस्था” भन्नाले यस ऐन बमोजिम कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संगठीत संस्था सम्झनु पर्छ ।

(ण) “प्रेस प्रतिनिधि“ भन्नाले दफा ५१ बमोजिम प्रेस प्रतिनिधिको प्रमाणपत्र लिएको व्यक्ति सम्झनु पर्छ ।

(त) “फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणाली” भन्नाले फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रविधि प्रयोग गरी प्रसारण संस्थाले रेडियो वा टेलिभिजन प्रविधिका लागि तोकिएको च्यानलबाट गरिएको प्रसारण सम्झनु पर्छ ।

(थ) “भू-उपग्रह प्रसार केन्द्र (अर्थ स्टेशन)” भन्नाले स्याटेलाईट मार्फत प्रसारण कार्यक्रम आदान प्रदान गर्न पृथ्वीको धरातलमा स्थापना गरिने केन्द्र (स्टेशन) सम्झनु पर्छ ।

(द) “मन्त्रालय” भन्नाले सूचना तथा सञ्चार मन्त्रालय सम्झनु पर्छ ।

(ध) “श्रमजीवी पत्रकार” भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्ति बाहेक सञ्चार सम्बन्धी व्यावसाय वा सेवालाई प्रमुख व्यावसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिञ्जर, समाचार वाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, प्राविधिक, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादक जस्ता पत्रकारिता पेशासँग सम्बन्धित व्यक्ति समेतलाई जनाउँछ ।

(न) “सञ्चालक” भन्नाले आमसञ्चार सञ्चालन गर्न प्रमाणपत्र पाएका व्यक्ति सम्झनु पर्छ ।

(प) “समाचारपत्र“ भन्नाले सार्वजनिक महत्वका समसामयिक विषयका क्षेत्रमा टिप्पणी भएको वा नभएको लिखत, समाचार तथा विचारहरु समेत भएको सार्वजनिक रुपमा विक्री वा वितरण हुने पत्रपत्रिका सम्झनु पर्छ ।

(फ) “सम्पादक” भन्नाले आमसञ्चार सञ्चालन संस्थाको समाचार वा समाचारमूलक कार्यक्रमको उत्पादन तथा प्रकाशन वा प्रसारण अधिकार र उत्तरदायित्व बहन गर्ने सम्पादक, प्रधान सम्पादक वा समाचार प्रमुख सम्झनु पर्छ ।

(ब) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(भ) “स्याटेलाइट” भन्नाले विभिन्न प्रसारण सामग्री प्राप्त गर्न वा अन्यत्र पठाउनको लागि अन्तरिक्षमा अवस्थित भू-उपग्रह सम्झनु पर्छ ।

## परिच्छेद-२

## आमसञ्चार प्राधिकरणको स्थापना, गठन, काम कर्तव्य र अधिकार

३. **आमसञ्चार प्राधिकरणको स्थापना** : आमसञ्चार माध्यमको अभिलेखिकरण, अनुगमन तथा नियमन गर्न एक आमसञ्चार प्राधिकरण स्थापना गरिनेछ ।

४. **प्राधिकरण स्वशासित र संगठित संस्था हुने**: (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठीत संस्था हुनेछ ।

(२) प्राधिकरणको काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्राधिकरणले व्यक्ति सरह चल/अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्राधिकरण उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. **प्राधिकरणको गठन**: (१) प्राधिकरणमा उपदफा (३) बमोजिमको सिफारिस समितिको सिफारिसमा नेपाल सरकार मन्त्रिपरिषद्ले नियुक्ति गरेको अध्यक्ष र अन्य चार जना सदस्य रहनेछन् ।

(२) उपदफा (१) बमोजिम अध्यक्ष र सदस्य नियुक्ति गर्दा छापा माध्यम, प्रसारण माध्यम, सूचना प्रविधि, कानून र व्यवस्थापन क्षेत्रबाट प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

(३) प्राधिकरणको अध्यक्ष र सदस्यको नियुक्तिका लागि दफा ६ बमोजिमका योग्यता पुगेका व्यक्ति मध्येबाट सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समित रहनेछः-

(क) प्रतिनिधिसभाका सभामुख - अध्यक्ष

(ख) राष्ट्रियसभाका अध्यक्ष वा उपाध्यक्ष (महिला) - सदस्य

(ग) नेपाल सरकारको सूचना तथा सञ्चार सम्बन्धी विषय हेर्ने मन्त्री वा राज्यमन्त्री - सदस्य

(घ) प्रतिनिधि सभामा विपक्षी दलको नेता - सदस्य

(ङ) नेपाल पत्रकार महासङ्घका अध्यक्ष - सदस्य

(च) नेपाल सरकारको, सूचना तथा सञ्चार सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव - सदस्य सचिव

(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले समानुपातिक समावेशी सिद्धान्तका आधारमा सिफारिस गर्नेछ ।

६. **योग्यता** : प्राधिकरणका अध्यक्ष र सदस्यको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) तीस वर्ष उमेर पुरा भएको,

(ग) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको,

(घ) पत्रकारिता वा आमसञ्चार वा सूचना प्रविधि वा कानूनका क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेको,

(ङ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(च) पैसट्ठी वर्ष उमेर पूरा नभएको,

(छ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ज) उच्च नैतिक चरित्र भएको ।

७. **पदावधी** : प्राधिकरणको अध्यक्ष तथा सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

८. **अध्यक्ष र सदस्यलाई पदबाट हटाउने** : (१) दफा ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको आधारमा अध्यक्ष वा सदस्य पदमा रहिरहनु उपयुक्त छैन भनी प्रतिनिधिसभाको सूचना तथा सञ्चारसँग सम्वन्धित समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई सदस्य उपस्थित भई बसेको बैठकको दुई तिहाई बहुमतबाट निर्णय भएको प्रस्ताव प्रतिनिधिसभाको बैठकको बहुमतबाट पारित भएमा अध्यक्ष र सदस्य पदबाट नेपाल सरकारले हटाउन सक्नेछ ।

(क) कार्यक्षमताको अभाव भएमा,

(ख) खराव आचरण भएमा,

(ग) ईमानदारीपूर्वक आफ्नो पदीय कर्तब्य पालना नगरेमा,

(घ) मानसिक सन्तुलन ठीक नभएमा वा मगज विग्रेमा, वा

(ङ) आमसञ्चारसँग सम्वन्धित व्यवसायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्वामित्व वा निजी स्वार्थ भएमा ।

(२) उपदफा (१) बमोजिम अध्यक्ष र सदस्यलाई पदबाट हटाउनु पूर्व निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ ।

९. **अध्यक्ष र सदस्यको पद रिक्त हुने व्यवस्था** : देहायको अवस्थामा अध्यक्ष तथा सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) नेपाल सरकार समक्ष दिएको लिखित राजिनामा स्वीकृत भएमा,

(ख) दफा ८ बमोजिम निजलाई पदबाट हटाइएमा,

(ग) दफा ७ बमोजिम निजको पदावधि पूरा भएमा,

(घ) नैतिक पतन देखिने कसूरमा अदालतबाट कसूरदार ठहरेमा,

(ङ) निजको मृत्यु भएमा ।

१०. **पारिश्रमिक र सुविधा :** (१) अध्यक्ष र सदस्यको पारिश्रमिक, सुविधा र सेवा शर्तहरु तोकिए बमोजिम हुनेछ ।

(२) अध्यक्ष प्राधिकरणको पूरा समय काम गर्ने प्रमुख कार्यकारी पद हुनेछ ।

११. **प्राधिकरणको बैठक र निर्णय**: (१) प्राधिकरणको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) प्राधिकरणको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(३) प्राधिकरणको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) प्राधिकरणको वैठकमा अध्यक्ष र दुई जना सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) प्राधिकरणको बैठकमा बहुमतको राय प्राधिकरणको निर्णय मानिनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ ।

(६) प्राधिकरणको बैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गरिनेछ र त्यस्तो निर्णय प्राधिकरणको प्रशासकीय प्रमुखले सबै सदस्यहरुलाई उपलब्ध गराउनेछ ।

(७) प्राधिकरणको बैठक सम्वन्धी अन्य कार्यविधि तोकिएबमोजिम हनेछ ।

१२. **प्राधिकरणको काम, कर्तव्य र अधिकार** : प्राधिकरणको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) रेडियो, टेलिभिजन र केबुल वितरक सञ्चालनको अनुमतिपत्र प्रदान गर्ने, नवीकरण गर्ने र नियमन गर्ने,

(ख) राष्ट्रियस्तरका छापा पत्रपत्रिका र अनलाईनको अभिलेखीकरण गर्ने,

(ग) पत्रपत्रिका, अनलाइन सञ्चारमाध्यम, रेडियो, एफ.एम., सामुदायिक रेडियो, टेलिभिजन, केबुल टेलिभिजन र केबुल वितरकको अभिलेख राख्ने,

(घ) रेडियो र टलिभिजनका लागि फ्रिक्वेन्सी योजना निर्माण गर्ने, त्यसको म्यापिङ गरी सङ्घ, प्रदेश र स्थानीय तहमा वितरणका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(ङ) एफ एम रेडियो र टेलिभिजनले प्रयोग गरेको तथा टेलिभिजनको फ्रिक्वेन्सी सम्बन्धी विवाद समाधान गर्ने,

(च) सरकारी विज्ञापन वितरण गर्ने,

(छ) आमसञ्चार प्रविधिको प्रयोग र विकास प्रबर्द्धनका लागि आवश्यक कार्य गर्ने,

(ज) आमसञ्चारका माध्यमहरुलाई दिइने सुविधाका सम्वन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,

(झ) तोकिएका अन्य कार्य गर्ने ।

१३. **कार्यक्षेत्र**: प्राधिकरणको कार्यक्षेत्र नेपाल राज्यभर हुनेछ ।

१४. **कार्यालय**: प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा हुनेछ र आवश्यकता अनुसार प्रदेश तथा स्थानीय तहसम्म कार्यालय स्थापना गर्न सकिनेछ ।

१५. **प्राधिकरणको कोष** : (१) प्राधिकरणको एउटा छुट्टै कोष रहनेछ ।

(२) प्राधिकरणको कोषमा देहाय बमोजिमको रकम हुनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्राधिकरणलाई विभिन्न स्रोतबाट प्राप्त रकम ।

(३) प्राधिकरणको लेखा र अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

१६. **प्राधिकरणको कर्मचारी** : (१) प्राधिकरणको प्रशासकीय प्रमुखमा नेपाल सरकारको राजपत्राङ्कित विशिष्ठ श्रेणीको अधिकृत रहनेछ ।

(२) प्राधिकरणको लागि आवश्यक पर्ने अन्य कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(३) प्राधिकरणले आवश्यक पर्ने विज्ञ कर्मचारी तोकिए बमोजिमको प्रक्रिया अपनाई लिन सक्नेछ ।

१७. **वार्षिक प्रतिवेदन**: (१) प्राधिकरणले प्रत्येक वर्ष आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन नेपाल सरकार मार्फत प्रतिनिधिसभामा प्रस्तुत गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद-३

## पत्रपत्रिका सम्बन्धी व्यवस्था

१८. **पत्रपत्रिकाको अभिलेखीकरण गराउनु पर्नेः** (१) कसैले राष्ट्रिय स्तरको पत्रपत्रिका सार्वजनिक रूपमा बिक्री वितरणको लागि नेपालभित्र प्रकाशित गर्न चाहेमा वा विदेशी पत्रपत्रिकाको नेपाल संस्करण तथा मुद्रण गर्न चाहेमा पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठ संख्या, छापिने संख्या र प्रकाशित हुने स्थान समेत खुलाई पत्रपत्रिका अभिलेखीकरणको लागि तोकिए बमोजिमको ढाँचामा प्राधिकरण समक्ष दरखास्त दिनु पर्नेछ ।

तर नेपाल सरकारको कार्यालय, नेपाल सरकारको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय, नेपाल सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, प्रचलित कानूनबमोजिम स्थापित संघ संस्था, फर्म, कम्पनी वा कुनै राजनैतिक दल वा संगठनको मुखपत्रको रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफा बमोजिम अभिलेखीकरण गराउन आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिमको दरखास्तमा उल्लिखित पत्रपत्रिकाको नामसित मिल्ने गरी अर्को कुनै पत्रपत्रिका प्राधिकरणमा अभिलेखीकरण भैसकेको रहेछ भने प्राधिकरणले दरखास्तवालालाई सो को जानकारी गराउने छ ।

(३) प्रदेशस्तरको पत्रपत्रिका सार्वजनिक रुपमा विक्री वितरणको लागि प्रदेशभित्र प्रकाशन गर्ने सम्बन्धी व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

(४) स्थानीय स्तरको पत्रपत्रिका सार्वजनिक रुपमा विक्री वितरणको लागि स्थानीय तहभित्र प्रकाशन गर्ने सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।

(५) उपदफा (३) र (४) बमोजिमको प्रदेश तह र स्थानीयतहको कानून बनाई लागू नभएसम्मको लागि प्राधिकरणले त्यस सम्बन्धी छुट्टै अभिलेख किताव खडा गरी अभिलेखीकरण गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम अभिलेखीकरण भएको अभिलेख किताव सम्बन्धित तहबाट मागेको बखत उपलब्ध गराउनु पर्नेछ ।

(७) प्रदेश र स्थानीय तहको कानून बमोजिम प्रकाशन भएको पत्रपत्रिका राष्ट्रियस्तरको पत्रपत्रिकाको रुपमा रुपमा अभिलेखीकरण गरी प्रकाशन गर्नु परेमा उपदफा (१) बमोजिम अभिलेखीकरण गरी प्रकाशन गर्नु पर्नेछ ।

(८) प्राधिकरणले उपदफा (१) बमोजिम अभिलेखका लागि पेश हुन आएको निवेदन उपर जाँचबुझ गर्दा कानून प्रतिकुल भए कारण खोली निवेदन फिर्ता गर्नु पर्नेछ र अभिलेख भएको पत्रपत्रिकाको विवरण खुल्ने भए तोकिएको ढाँचामा छुट्टै अभिलेख किताव खडा गरी राख्नु पर्नेछ ।

(९) राष्ट्रिय स्तरको पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नु पर्ने भएमा वा कुनै पत्रपत्रिका एकभन्दा बढी भाषामा प्रकाशित गर्नु परेमा वा एक प्रदेश स्तरबाट प्रकाशित भइरहेको पत्रपत्रिका अन्य प्रदेश वा एकभन्दा बढी प्रदेशबाट प्रकाशित गर्नु परेमा वा अन्य विवरण परिवर्तन गर्नु पर्ने भएमा उपदफा (१) बमोजिम प्राधिकरण समक्ष दरखास्त दिई परिवर्तित विवरण स्वीकृत गराउनु पर्नेछ ।

१९. **पत्रपत्रिकामा उल्लेख गर्नु पर्ने**: पत्रपत्रिकामा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तथा प्रकाशन वर्ष र अंक तोकिएबमोजिम स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

२०. **पत्रपत्रिकाको आकार र पृष्ठ संख्या**: (१) दफा १८ बमोजिम अभिलेखीकरण भई प्रकाशित हुने पत्रपत्रिकको न्यूनतम र अधिकतम आकार र पृष्ठ संख्या तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको आकार र पृष्ठ संख्यामा घटी बढी गरी प्रकाशित हुने पत्रपत्रिकालाई नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्थाबाट दिइने सुविधा, सहायता वा विज्ञापन दिइने छैन ।

२१. **पत्रपत्रिकाको प्रकाशन**: प्रकाशकले पत्रपत्रिकाको प्रत्येक संस्करण दफा १८ बमोजिमको अभिलेखीकरण किताबमा उल्लिखित विवरणमा फरक नपारी प्रकाशन गर्नु पर्नेछ ।

२२. **पत्रपत्रिकाको वर्गीकरण**: (१) प्राधिकरणमा अभिलेखीकरण भएका पत्रपत्रिकालाई नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्थाबाट उपलब्ध गराइने सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि तोकिए बमोजिमको प्रकृया अपनाई वर्गीकरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गर्दा पत्रपत्रिका प्रकाशन संस्थाको भौतिक पूर्वाधार, जनशक्ति, लगानी, उद्देश्य, स्वामित्व, पत्रपत्रिकाको पहुंच क्षेत्र र अन्य तोकिएको आधारमा प्राधिकरणले वर्गीकरण गर्नेछ ।

(३) प्राधिकरणले उपदफा (१) बमोजिम पत्रपत्रिकाको वर्गीकरण गर्दा प्रेस काउन्सिलको परामर्श लिन सक्नेछ ।

२३. **पत्रपत्रिका दर्ता खारेज नगरिने**: दफा १८ बमोजिम अभिलेखीकरण भएको कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशित गरे बापत त्यस्तो पत्रपत्रिकाको अभिलेखीकरणबाट हटाउने वा दर्ता खारेज वा जफत गरिने छैन ।

तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाती, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पार्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकुल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातिय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्य गरेको प्रमाणित भएमा त्यस्तो पत्रपत्रिकालाई मनासिव प्रतिबन्ध लगाउन बाधा पार्ने छैन ।

२६. **छापाखाना दर्ता गर्नु पर्ने**: (१) कसैले छापाखाना स्थापना गरी सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमको विवरण खुलाई तोकिए बमोजिमको ढाँचामा दर्ता गरी प्राधिकरण समक्ष दर्ताका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन उपर आवश्यक जाँचवुझ गरी प्राधिकरणले तोकिए बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनेछ ।

(३) छापाखाना सञ्चालन तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२७. **छापाखाना बन्द वा जफत नगरिने**: दफा २६ बमोजिम दर्ता भएको छापाखानाले समाचार, लेख, वा अन्य पाठ्य सामाग्री मुद्रण गरे बापत त्यस्तो छापाखाना बन्द वा जफत गरिने छैन ।

तर कानून बमोजिम नियमन र अनुगमन गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद-४

## प्रसारण सम्वन्धी व्यवस्था

२८. **इजाजतपत्र लिनु पर्ने**: यस ऐन बमोजिम प्रसारक संस्थाले इजाजतपत्र नलिई कुनै पनि कार्यक्रम प्रसारण, सिग्नल वितरण, भू-उपग्रह प्रसारण केन्द्रको स्थापना र कुनै पनि प्रकारको विद्युतीय नेटवर्क मार्फत कार्यक्रम अपलोड वा प्रसारण तथा डाउनलिङ्क गर्नु हुँदैन ।

२९. **इजाजतपत्रको लागि प्राधिकरणमा निवेदन दिनुपर्ने**: (१) कुनै प्रसारक संस्थाले कार्यक्रम उत्पादन गरी तोकिएको कुनै माध्यमबाट आफैले वा उपदफा (३) बमोजिम इजाजतपत्र प्राप्त कार्यक्रम वितरक संस्था मार्फत उपभोक्ता समक्ष श्रव्य, श्रव्यदृश्य प्रसारण गर्न चाहेमा तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(२) कुनै प्रसारक संस्थाले कार्यक्रम उत्पादन गरी फ्रिक्वेन्सी मोडुलेशन, रेडियो प्रसारण प्रणाली र डिजिटल रेडियो प्रसारण प्रणाली वा स्थानीय वा अन्तराष्ट्रिय नेटवर्क मार्फत श्रब्य कार्यक्रम नेपालको जुनसुकै भू-भागमा प्रसारण गर्न चाहेमा तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(३) कार्यक्रम प्रसारण संस्थाले टेलिभिजन प्रविधिका लागि उत्पादन गरेका कार्यक्रम वा उपदफा (५) बमोजिम डाउनलिङ्क गर्न अनुमतिपत्र प्राप्त गरेका विदेशी प्रसारक संस्थाको कार्यक्रम तोकिएका कुनै माध्यम प्रयोग गरी ग्राहक, सदस्य वा उपभोक्ता समक्ष नेपालको जुनसुकै भू-भागमा वितरण गर्नको लागि तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(४) कुनै प्रसारक संस्थाले स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसारण केन्द्र स्थापना गरी वा नेटवर्क मार्फत कुनै कार्यक्रम नेपालको जुनसुकै भू-भागमा

प्रसारण गर्न चाहेमा तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(५) कुनै विदेशी प्रसारण संस्थाले आफ्नो मुलुकबाट प्रसारण भएको कुनै कार्यक्रम डाउनलिङ्क गरी नेपालभित्र प्रसारण गराउन चाहेमा तोकिए बमोजिम दस्तुर सहित तोकिएको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(६) कसैले नेपाल भित्र नेटवर्क मार्फत कुनै कार्यक्रम संचालन वा प्रसारण गर्न चाहेमा तोकिएको ढाँचामा प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(७) प्रसारण सम्बन्धी कुनै पनि नयाँ प्रविधिको विकास भई आएमा प्राधिकरणले तत्काल सूचना प्रकाशन गरी तोकेको ढाँचामा निवेदन दिई प्राधिकरणको स्वीकृतिमा मात्र तोकेबमोजिम त्यस्तो प्रविधिको उपयोग गर्न सकिनेछ ।

३०. **इजाजतपत्रको लागि प्रदेश, तह र स्थानीय तहमा निवेदन दिन सकिने**: (१) कसैलेप्रदेश तहको कुनै भू-भागमा श्रव्य वा श्रव्यदृश्य कार्यक्रम उत्पादन गरी प्रसारण गर्न वा सिग्नल वितरण गर्न चाहेमा प्रदेश कानून बमोजिम दर्ता गरी स्थापना तथा संचालन गर्न सक्नेछ ।

(२) स्थानीय तहको कुनै भू-भागमा एक सय वाट सम्मको एफ.एम. रेडियो संचालन तथा प्रसारण गर्न वा कार्यक्रम वितरण गर्ने सम्बन्धी व्यवस्था स्थानीयतहको कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी भू-भागमा उत्पादन भएको कार्यक्रम नेपाल भित्र प्रसारण गर्न वा पुनः प्रसारण वा रिले प्रसारण गर्न वा सिग्नल वितरण गर्न र फ्रिक्वेन्सी प्राप्त गर्न चाहिने इजाजतपत्र संघीय कानून बमोजिम हुनेछ ।

३१. **इजाजतपत्र सम्बन्धी व्यवस्था**: (१) दफा २९ बमोजिम पर्न आएका निवेदन उपर प्राधिकरणले आवश्यक जाँचबुझ गरी तोकिएको शर्तहरु पालना गर्ने गरी निवेदकले गर्न पाउने कामको विवरण खुलाई तोकिएको ढाँचामा इजाजतपत्र दिने छ ।

(२) उपदफा (१) बमोजिम ईजाजत दिनु पूर्व प्राधिकरणले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

३२. **इजाजतपत्रको अवधि र नवीकरण**: (१) इजाजतपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

(२) इजाजतपत्र प्राप्त संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र तोकिएको नवीकरण दस्तुर तथा रोयल्टी रकम सहित प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र नवीकरण नगराएमा तोकिए बमोजिम जरिवाना सहित नवीकरण गरिनेछ ।

३३. **इजाजतपत्र रद्द गर्न सकिने**: (१) दफा ३१ बमोजिम इजाजतपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरेमा प्राधिकरणले निजले प्राप्त गरेको इजाजतपत्र रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र रद्द गर्नु अघि प्राधिकरणले त्यस्तो संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

३४. **विज्ञापन रहित कार्यक्रम प्रसारण गर्न शर्त तोक्ने**: (१) प्राधिकरणले विदेशी प्रसारण संस्थाले प्राधिकरणको स्वीकृतलिई नेपालमा कार्यक्रम उत्पादन गरी नेपालभित्र प्रसारण गर्न वा डाउनलिङ्क गरी प्रसारण गर्न अनुमति प्रदान गर्न सक्नेछ । यस्तो अनुमति प्रदान गर्दा विज्ञापन रहित हुनु पर्ने शर्त तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शर्त स्वीकार नगर्ने विदेशी प्रसारक संस्थाको कार्यक्रम प्रसारण गर्न प्राधिकरणले रोक लगाउन सक्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनु अघि विज्ञापन सहित प्रसारणको अनुमति लिएका प्रसारण संस्थालाई प्राधिकरणले निश्चित समयावधि तोकी विज्ञापन रहित हुन निर्देशन दिन सक्नेछ । यसरी दिएको निर्देशन बमोजिम विज्ञापन रहित प्रसारण प्रारम्भ नगर्ने प्रसारण संस्था वा टेलिभिजनको डाउनलिङ्क अनुमति प्राधिकरणले खारेज गर्नेछ ।

३५ **प्रसारण माध्यमको वर्गीकरण र प्रसारणको लागि अपनाउनु पर्ने प्रक्रिया :** (१) प्रसारण माध्यमलाई सार्वजनिक सेवा प्रसारक, सामुदायिक प्रसारक र निजी एवम् व्यापारिक प्रसारकको रुपमा वर्गीकरण गरिनेछ ।

(२) प्रसारण माध्यमलाई सार्वजनिक प्रसारकको स्वामित्व, लगानी, पूर्वाधार, जनशक्ति जस्ता आधारमा सुविधा दिनेछ ।

(३) सार्वजनिक सेवा प्रसारकको नियमन र सञ्चालन सार्वजनिक सेवा प्रशारण ऐन बमोजिम हुनेछ ।

(४) सामुदायिक प्रसारकले देहाय बमोजिमको काम गर्नेछ :-

(क) समुदायको विविधतालाई प्रवर्द्धन गर्ने,

(ख) शिक्षा, जनस्वास्थ्य, स्थानीय उत्पादन, बजार बिकास र ज्ञान तथा सीप प्रवर्द्धन गर्ने र सामाजिक कुरिती विरुद्ध सचेतना जगाउने,

(ग) भाषा, संस्कृति, कला र परम्पराको सरक्षणमा योगदान दिने,

(घ) स्थानीय तहको काम कारवाहीको प्रचार प्रसार र सार्वजनिक अनुगमनका लागि सहयोग गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(५) स्थानीय तहको विज्ञापन वितरणमा सामुदायिक रेडियो प्रसारकलाई प्राथमिकता दिनु पर्नेछ ।

(६) सार्वजनिक, सामुदायिक तथा व्यापारिक प्रसारकले संघ, प्रदेश वा अन्तर्राष्ट्रिय प्रसारक माध्यमबाट प्रसारित समाचार तथा समाचार प्रधान सामग्रीका साथै कार्यक्रमलाई प्राधिकरणले अनुगमन, नियमन तथा आवश्यक निर्देशन दिन सक्नेछ । सामुदायिक प्रसारकले आफ्नो कूल प्रसारित सामाग्री वा पुनः प्रशारण गर्न पाउने छैन ।

(७) समाचार वा सूचनामूलक कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्थाले तोकिएको योग्यता पुगेको सम्पादक नियुक्ति गरी सम्पादकीय स्वतन्त्रताको संरक्षण गर्नु पर्नेछ ।

(८) प्रसारक संस्थाले नेटवर्क मार्फत कुनै श्रव्य, श्रव्यदृष्य वा प्रकाशन तथा प्रसारण गर्नुपर्ने भए तोकिए बमोजिम प्राधिकरणबाट स्वीकृती लिनु पर्नेछ ।

(९) म्युजिक रेकर्डिङ्ग कम्पनी वा कार्यक्रम उत्पादन कम्पनीले तोकिएबमोजिम स्वीकृती लिएर मात्र आफ्नो व्यवसाय संचालन गर्नु पर्नेछ ।

(१०) सामुदायिक प्रसारक र निजी एवम् व्यवसायिक प्रसारक सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३६. **फ्रिक्वेन्सी सम्बन्धी व्यवस्था** : (१) रेडियो तथा टेलिभिजनको फ्रिक्वेन्सीलाई राष्ट्रिय स्रोत मानी सोही आधारमा बाँडफाँड तथा वितरणको योजना बनाई प्राधिकरणले फ्रिक्वेन्सी वितरण गर्न नेपाल सरकार समक्ष सिफारिश गर्नेछ ।

(२) नेपाल सरकारले प्राधिकरणको सिफारिशमा तोकेको मापदण्डको आधारमा पारदर्शी र प्रतिष्पर्धी रुपमा फ्रिक्वेन्सी प्रयोगको इजाजत दिनेछ ।

(३) रेडियो र टेलिभिजनका फ्रिक्वेन्सीलाई सार्वजनिक सेवा प्रसारण, सामुदायिक सेवा प्रसारण, निजी तथा व्यापारिक प्रसारणका लागि बाँडफाँड गरिनेछ । फ्रिक्वेन्सीको अवधि तोकेबमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम वितरण गरिएको फ्रिक्वेन्सीको अवधि अठार वर्ष हुनेछ ।

(५) प्राकृतिक प्रकोप, महामारी र मानवीय संकटको अवस्थामा उद्धारको जानकारी र सूचना प्रवाहको लागि विशेष आकष्मिक फ्रिक्वेन्सीको व्यवस्था गरिनेछ ।

(६) नेपाल सरकाले प्राधिकरणको सिफारिसमा प्रसारण माध्यमलाई प्रसारण पहुँच क्षेत्र, लगानी, भौतिक पूर्वाधार, जनशक्ति, उद्देश्य जस्ता आधारमा राष्ट्रिय, प्रादेशिक र स्थानीय प्रसारकको रुपमा वर्गीकरण गरी प्रसारण फ्रिक्वेन्सीको वितरण गर्नेछ । त्यस्ता प्रसारकले आफू कुन प्रकृतीको प्रसारक हो भन्ने कुराको जानकारी खुल्ने गरी प्रसारण गर्नु पर्नेछ ।

## परिच्छेद-५

## अनलाइन सम्बन्धी व्यवस्था

३७. **अनलाइन सञ्चारमाध्यमको अभिलेखीकरण** : (१) कसैले अनलाइन सञ्चारमाध्यम मार्फत अनलाइन पत्रकारिता सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमको विवरण सहित प्राधिकरण समक्ष अभिलेखीकरण गर्नु पर्नेछ ।

(२) सरकारी वा निजी छापा वा विद्युतीय सञ्चारले अनलाइन सञ्चारमाध्यम मार्फत अनलाइन पत्रकारिता गर्न चाहेमा उपदफा (१) बमोजिम प्राधिकरणमा अभिलेखीकरण गर्नुपर्ने छ ।

(३) अनलाइन सञ्चारमाध्यमलाई प्राधिकरणले दर्ता कितावमा जनाइ अभिलेखीकरण गर्नु पर्नेछ ।

३८. **अनलाइन पत्रकारिताको प्रमाणपत्र दिनुपर्ने** : (१) दफा ३७ बमोजिम प्राधिकरणमा अभिलेखीकरण भएको अनलाइनलाई अनलाइन पत्रकारिताको प्रमाणपत्र प्राधिकरणले दिनेछ ।

(२) अनलाइन संचार माध्यमको अभिलेखीकरण गर्ने, प्रमाणपत्र दिने र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. **विवरण राख्नु पर्ने**: अनलाइन सञ्चार माध्यमले देहायका विवरण आफ्नो वेवसाइटको मुख्य पृष्ठ (होमपेज) मा राख्नु पर्नेछ :-

(क) प्राधिकरणबाट प्राप्त अभिलेखीकरणको नम्बर, आर्थिक वर्ष, सञ्चालकको नाम, ठेगाना, सम्पर्क फोन नम्बर,

(ख) सञ्चालक, सम्पादक र समाचार प्रमुखको नाम,

(ग) तोकिएका अन्य विषयहरु ।

४०. **विदेशबाट प्रकाशित अनलाइन न्यूज पोर्टल**: विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन न्यूज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्री दफा ५२ विपरीत रहेको कुरा कुनै स्रोतबाट जानकारी भएमा प्राधिकरणले त्यस्तो सामग्रीलाई नेपालभित्र प्रकाशन वा प्रसारणमा रोक लगाउन सक्नेछ ।

## परिच्छेद - ६

## श्रमजीवी पत्रकारको सेवा, शर्त र सुविधा सम्बन्धी व्यस्था

४१. **श्रमजिवी पत्रकारको सेवा शर्तको संरक्षण** : (१) आमसञ्चार संस्थाले आफ्नो संस्थाको कर्मचारी, श्रमजीवी पत्रकार तथा कामदारको नियुक्ति, अवकाश, तथा सेवाको शर्त तथा सुविधा समेतका विषय विनियमावलीमा समावेश गर्न लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियमावली लागू गनु अघि प्राधिकरणको सहमति लिनु पर्नेछ ।

(३) प्राधिकरणले उपदफा (२) बमोजिम सहमति दिन देहायका विषयमा न्यूनतम मापदण्ड तयार गरी सो मापदण्ड बमोजिम भएमा सहमति दिनुपर्ने र नभएमा मापदण्ड बमोजिम वनाउन लगाउनु पर्नेछ :-

(क) कर्मचारीको दरबन्दी, नियुक्ति, सेवाको सुरक्षा तथा काम गर्ने समय,

(ख) हाजिरी र बिदा सम्वन्धी,

(ग) न्यूनतम पारिश्रमिक तथा भत्ता,

(घ) वार्षिक तलव बृद्धि,

(ङ) उपचार खर्च तथा क्षतिपूर्ति सम्बन्धी,

(च) कल्याणकारी कोष,

(छ) आचरण, सजाय र पुनरावेदन,

(ज) अन्य आवश्यक विषय ।

४२. **न्यूनतम पारिश्रमिक भन्दा कम दिन नपाइने** : (१) आमसञ्चार संस्थाले श्रमजिवी पत्रकारलाई नेपाल सरकारबाट समय समयमा तोकिएको न्यूनतम पाश्ररिमिक तथा सेवा सुविधाभन्दा कम हुने गरी पारिश्रमिक दिन पाउने छैन ।

(२) श्रमजीवी पत्रकारहरुको हक हित र सुविधाको सम्बन्धमा कानूनद्वारा गरिएको व्यवस्था अनुरुप भए नभएको सम्बन्धमा प्राधिकरणले संस्थाको अनुगमन गर्न सक्नेछ । यसरी अनुगमन गर्दा कानून बमोजिम पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराएको नदेखिएमा त्यस्तो संस्थालाई सो बमोजिम सेवा सुविधा अपलब्ध गराउन, आदेश दिन र त्यस्तो संस्थालाई आवश्यक कारवाही गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणले दिएको आदेश सम्बन्धित आमसञ्चार संस्थाले पालना गर्नुपर्ने छ ।

४३. **मापदण्ड निर्धारण समिति**: (१) कर्मचारी, श्रमजीवी पत्रकार तथा कामदारको विनियमावलीमा उल्लेख हुनु पर्ने बिषयका सम्बन्धमा न्यूनतम मापदण्ड निर्धारण गर्न देहाय बमोजिम सदस्यहरु रहेको समिति गठन गर्न सकिने छ :-

(क) सञ्चारको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट प्राधिकरणको सिफारिसमा नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -संयोजक

(ख) नेपाल सरकारको सूचना तथा सञ्चार एवम् श्रम सम्बन्धी विषय हेर्ने मन्त्रालयका रा.प.प्रथम श्रेणीका दुईजना प्रतिनिधि -सदस्य

(ग) नेपाल पत्रकार महासंघ अध्यक्ष -सदस्य

(घ) श्रमजीवी पत्रकारहरू मध्येबाट कम्तीमा एकजना महिला रहने गरी प्राधिकरणले तोकेका तीन जना -सदस्य

(ङ) व्यवस्थापकहरू मध्येबाट प्राधिकरणले मनोनीत गरेका तीन जना -सदस्य

(च) कर्मचारी वा कामदार मध्येबाट प्राधिकरणले मनोनीत गरेको एक जना -सदस्य

(छ) श्रम तथा अर्थ सम्बन्धी विशेषज्ञहरू मध्येबाट प्राधिकरणले मनोनीत गरेको एक जना -सदस्य

(ज) प्राधिकरणका सचिव - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम समितिको बैठक सम्वन्धी कार्यविधि र समितिका सदस्यहरुको सुविधा तोकिए बमोजिम हुनेछ ।

४४. **श्रमजीवी पत्रकार सम्वन्धी अन्य व्यवस्था** : श्रमजीवी पत्रकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ७

## आमसञ्चार सम्बन्धी अन्य व्यवस्था

४५. **स्वनियमनको व्यवस्था**: (१) आमसञ्चार माध्यमले स्वनियमनको सिद्धान्त लागू गर्नेछ ।

(२) आमसञ्चार सञ्चालक संस्थाले प्रकाशन वा प्रसारणको स्वनियमन र स्वमूल्याङ्कनका लागि सम्बन्धित विज्ञहरु रहेको एक आमसञ्चार स्वनियमनम समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठन भएको समितिले सम्वन्धित आमसञ्चार संस्थाको आचार संहिता निर्माण, गुणस्तर सुधार र आमसञ्चारको प्रभावकारिता कायम राख्न तथा सार्वजनिक जवाफदेहीता पालना गर्न गराउन स्वनियमन र स्वमूल्याङ्कन गर्नेछ ।

(४) उपदफा (२) बमोजिम समिति गठन गर्दा त्यस्तो आमसञ्चार संस्थाले समितिमा आफ्नो संस्थासंग असम्बद्ध र कुनै स्वार्थ नरहेको स्वतन्त्र विज्ञ व्यक्तिहरु राख्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमको समितिको गठन तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था सम्वन्धित आमसञ्चार संस्थाले तोके बमोजिम हुनेछ ।

(६) आमसञ्चार संस्थाले समिति गठन गरी प्राधिकरणलाई प्रकाशन वा प्रसारण शुरु भएको एकमहिना भित्र समितिको पदाधिकारीको नामावली सहितको जानकारी दिनुपर्नेछ र त्यसको सार्वजनिकीकरण गर्नु पर्नेछ ।

४६. **आचार संहिताको स्वघोषणा**: (१) आमसञ्चार सञ्चालक संस्थाले आफ्नो र आफ्ना कर्मचारीहरुको लागि आवश्यक आचार संहिताको स्वघोषणा गरी सार्वजनिक गर्नु पर्नेछ ।

(२) आमसञ्चारले प्रकाशन वा प्रसारण गरेको विषयले मर्का परेको भनी कुनै व्यक्ति वा संस्थाले गुनासो वा खण्डन गरेमा सोको सुनुवाइ गर्नु सम्वन्धित आमसञ्चार संस्थाको कर्तव्य हुनेछ ।

४७. **लगानी सम्बन्धी व्यवस्था**: (१) कुनै पनि ब्यक्ति, समुह वा संस्थाले आमसञ्चार सञ्चालन गर्न यस ऐन बमोजिम अभिलेखीकरण गर्न वा इजाजत लिने निवेदन साथ सम्बन्धित आमसञ्चारका माध्यममा गरिने लगानीको श्रोत खुलाउनु पर्नेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आमसञ्चार माध्यममा पचास प्रतिशतभन्दा बढी लगानी गरी सञ्चालन गरेका ब्यक्ति, परिवार वा समूहलाई अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्वमा निर्णयात्मक हिस्सा हुने गरी लगानी गर्न दिइनेछैन ।

(३) आमसञ्चारमा लगानी सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. **विदेशी लगानी सम्बन्धी**: (१) कुनै पनि आमसञ्चार माध्यमको पूर्वाधार र प्रविधिको विकासमा कुल लगानीको पच्चीस प्रतिशतभन्दा बढी विदेशी व्यक्ति वा संस्थाले लगानी गर्न सक्ने छैन ।

(२) उपदफा (१) बमोजिम विदेशी लगानी सहितको संयुक्त लगानीमा सञ्चालन गरिएको कुनै पत्र पत्रिकाको सम्पादक, पत्रकार, कामदार, कर्मचारी नेपाली नागरिक मात्र हुनेछ ।

४९. **आमसञ्चारको स्वामित्व हस्तान्तरण**: यस ऐन बमोजिम अभिलेखीकरण भएको आमसञ्चार संस्थाको स्वामित्व कानून बमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने व्यक्तिले

सात दिन भित्रमा त्यसको जानकारी तोकिएको ढाँचामा प्राधिकरणलाई दिनु पर्नेछ र प्राधिकरणले तत्सम्वन्धी विवरण दर्ता किताबमा जनाई राख्नु पर्नेछ ।

५०. **आमसञ्चार माध्यम सञ्चालन शुरु भएको तथा बन्द भएको जानकारी दिनुपर्ने** : (१) आमसञ्चार माध्यमले प्रकाशन तथा प्रसारण शुरु भएको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ ।

(२) प्राधिकरणमा अभिलेखीकरण भएका आमसञ्चार माध्यम कुनै कारणले सञ्चालन गर्न नसकेमा वा सञ्चालन भई बन्द गर्नु परेमा सोको जानकारी प्राधिकरणलाई गराउनु पर्नेछ ।

५१. **प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्था**: (१) कुनै नेपाली वा विदेशी आमसञ्चार सम्बन्धी संस्थाले नेपाल भित्र काम गर्ने आफ्ना प्रतिनिधिहरुको नाम, योग्यता र कार्यक्षेत्र समेत उल्लेख गरी तोकिए बमोजिमको विवरण प्राधिकरण समक्ष बुझाउनु पर्नेछ ।

तर विदेशी मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमख वा उच्च स्तरीय प्रतिनिधि मण्डल नेपाल भ्रमणमा आउंदा साथमा आउने पत्रकार वा नेपाल सरकारको निमन्त्रणामा नेपाल भ्रमणमा आउने पत्रकारहरुको लागि उक्त भ्रमण अवधिभरको लागि त्यस्तो विवरण दिन आवश्यक नपर्ने गरी प्राधिकरणले छुट दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण पठाउने आमसञ्चार सम्बन्धी संस्थाका प्रतिनिधिहरुलाई प्राधिकरणले प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गर्नेछ ।

(३) नेपालको राष्ट्रिय चाड पर्व वा विशेष अवसरमा छोटो अवधिको लागि नेपाल भ्रमणमा आउने पत्रकारहरुको लागि प्राधिकरणले अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था गर्न सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने व्यक्तिले आफू काममा संलग्न रहेको संस्थाको सिफारिस साथ तोकिएबमोजिमको योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी प्राधिकरण समक्ष दरखास्त दिनु पर्नेछ । प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने स्वतन्त्र पत्रकारले पनि सोही बमोजिम दरखास्त दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको दरखास्त प्राप्त भएपछि प्राधिकरणले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबुझ गरी तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा दरखास्तवालालाई प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र पाएको व्यक्तिले यस ऐन र प्रचलित कानूनको अधीनमा रही आफ्नो कार्य क्षेत्रभित्र समाचार संकलन गर्न सक्नेछ ।

(७) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकार सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

५२. **प्रकाशन तथा प्रसारण गर्न नहुने**: (१) देहायका कुराहरु कुनै पनि स्वदेशी, विदेशी आमसञ्चारको माध्यमबाट प्रकाशन, प्रसारण गर्न तथा सञ्चार सामाग्रीको उत्पादन र प्रवाह गर्न हुँदैनः-

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइ बीचको सु-सम्बन्धमा आँच आउने,

(ख) विभिन्न जात, जाती, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने,

(ग) राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने,

(घ) सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल हुने,

(ङ) श्रमप्रति अवहेलना गर्ने,

(च) जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने,

(२) उपदफा (१) बमोजिम प्रसारण गर्न नहुने सम्बन्धी व्यवस्था विदेशी प्रकाशनको नेपाल संस्करण वा मुद्रण र अन्य प्रसारण, पुनः प्रसारण रिले प्रसारणमा समेत लागू हुनेछ।

## परिच्छेद-८

## प्रशिक्षण प्रतिष्ठान र सञ्चार संग्रहालय सम्बन्धी व्यवस्था

५३ **आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना** : नेपाल सरकारले पत्रकारिता पेशालाई व्यवसायिक र मर्यादित बनाउने उदेश्यले आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना गर्नेछ।

५४ **आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको काम, कर्तव्य र अधिकार :** (१)आम सञ्चार प्रशिक्षण प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रशिक्षणद्वारा सञ्चारकर्मीहरुको सीप तथा क्षमता आमवृद्धि गर्ने,

(ख) आमसञ्चार सम्बन्धी अध्ययन अनुसन्धान गर्ने,

(ग) उच्चतम व्यवसायिक अभ्यासमा लागि प्रेरित गर्ने,

(घ) तोकिएको अन्य कार्य गर्ने।

(२) आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको गठन, सञ्चालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

५५ **सञ्चार सङ्ग्रहालयको स्थापना :** नेपाल सरकारले सूचना तथा सञ्चार क्षेत्रका महत्वपूर्ण ऐतिहासिक सामाग्रीको सङ्कलन र सरक्षण गर्ने उदेश्यले सञ्चार संग्रहालय तथा अध्ययन प्रतिष्ठान स्थापना गर्नेछ ।

५६ **सञ्चार सङ्ग्रहालयको काम, कर्तव्य  र अधिकार :** (१) सञ्चार सङ्ग्रहालयको काम, कर्तव्य  र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सूचना तथा सञ्चार क्षेत्रमा प्रयोग भएका पुराना उपकरण, सामाग्री तथा प्रकाशनको सङ्कलन र संरक्षण गर्ने,

(ख) पत्रकारिता र सञ्चार क्षेत्रको इतिहास र प्रविधिको विकास कम झल्किने गरी सूचना तथा सञ्चार क्षेत्रमा प्रयोग भएका सामाग्रीहरुको प्रर्दशन गर्ने,

(ग) सूचना तथा सञ्चार क्षेत्रका ऐतिहासिक सामाग्री, तत् सम्बन्धी उपकरण सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने, गराउने,

(घ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) सञ्चार संग्रहालयको गठन, सञ्चालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## सजाय र पुनरावेदन

५७ **दण्ड सजाय**: (१) कसैले दफा ३१ बमोजिम इजाजतपत्र नलिई कार्यक्रम उत्पादन, वितरण तथा डाउनलिङ्क गरेमा त्यस्तो व्यक्तिलाई इजाजतपत्र दस्तुर वापत लाग्ने दस्तुर वरावर रकम असुल उपर गरी सो वरावरको रकम जरिवाना वा एक वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ५२ बमोजिम प्रकाशन तथा प्रसारण गर्न नहुने कुरा गरेमा विषयको गाम्भीर्यता हेरी पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) कसैले उपदफा (१) र (२) मा लेखिएको बाहेक यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने कार्य नगरेमा वा गर्न नहुने कार्य गरेमा प्राधिकरणले कसूरको मात्रा हेरी तीन हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

५८. **सफाईको मौका दिनु पर्ने**: यस ऐन बमोजिम कारवाही र जरिवाना गर्नु अघि प्राधिकरणले सफाईको मौका दिनु पर्नेछ ।

५९. **पुनरावेदन**: यस ऐन बमोजिम प्राधिकरणले गरेको सजाय उपर पैतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

६०. **मुद्दा हेर्ने अधिकारी**: दफा ५७ बमोजिम सजाय हुने कसूर सम्वन्धी मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ

६१. **नेपाल सरकार वादी हुने**: दफा ५७ बमोजिमको कसूर गरेको मुद्दामा नेपाल सरकार वादी हुनेछ ।

## परिच्छेद-१०

## विविध

६२. **किताबको अभिलेखीकरण गराउनु पर्ने**: (१) कुनै पनि किताबको प्रकाशकले प्रकाशित किताब विक्री वितरण गर्नु अघि त्यस्तो किताबको दुई प्रति बिना मूल्य अभिलेखीकरणको लागि प्राधिकरणमा बुझाउनु पर्नेछ ।

(२) प्राधिकरणले उपदफा (१) बमोजिम किताब अभिलेखीकरण गर्दा तोकिए बमोजिमको विवरण सहित तोकिएको ढाँचामा अभिलेखीकरण गर्नु पर्नेछ ।

(३) प्रदेश तह र स्थानीय तहमा प्रकाशित किताब सम्बन्धित तहले अभिलेखीकरणको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

६३. **किताबमा उल्लेख गर्नु पर्ने कुराहरु**: किताबको प्रकाशकले प्रत्येक किताबमा प्रकाशक, सम्पादक वा लेखक वा अनुवादक, मुद्रक, छापाखाना र प्रतिलिपि अधिकार पाउने व्यक्ति समेत सबैको पूरा नाम, संस्करणको सङ्ख्या, वर्ष र सो संस्करणमा छापिएको प्रति तथा बिक्री मूल्य आदि स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

६४. **वृति विकास कोषको स्थापना** : (१) नेपाल सरकारले पत्रकारिता क्षेत्रमा निरन्तर लामो समय सम्म योगदान पुर्‍याएका जेष्ठ पत्रकारहरुलाई मासिक वृति विकास प्रदान गर्ने उद्देश्यले एउटा जेष्ठ पत्रकार वृत्तिकोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषको सञ्चालन र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

६५. **पत्रकार कल्याण कोषको स्थापना** : (१) नेपाल सरकारले पत्रकारिताको कार्य क्षेत्रमा रहँदा कुनै दुर्घटना परी घाइते भएमा वा दिर्घ रोगबाट पीडित पत्रकारको लागि एउटा पत्रकार कल्याण कोष स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषको सञ्चालन र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

६६. **सूचना बैंकको स्थापना** : (१)नेपाल सरकारले सरकारी तथा सार्वजनिक निकायबाट प्रकाशित सामाग्री, सूचना तथा निर्णयहरु संकलन गरी नागरिकहरुलाई उपलब्ध गराउन सूचना बैंकको स्थापना गर्नेछ ।

(२) सूचना बैंकको गठन, सञ्चालन र व्यवस्थापन तथा अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६७. **विवरण पेश गर्नुपर्ने** : यो ऐन प्रारम्भ हुनु अघि प्रकाशन तथा वितरण हुँदै आएका पत्रपत्रिका तथा प्रसारण हुँदै आउका प्रसारण संस्थाले प्राधिकरणले तोकेको अवधि भित्र प्रधिकरणले तोकेबमोजिमका विवरण अभिलेखको लागि प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

६८. **नियम बनाउने अधिकार :** यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

६९. **खारेजी र बचाउ**: (१) देहायका ऐनहरु खारेज गरिएको छ :-

(क) छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८

(ख) राष्ट्रिय प्रसारण ऐन, २०४९

(ग) श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१

(२) उपदफा (१) बमोजिमका ऐन बमोजिम भए गरेका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(क) छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८

(ख) राष्ट्रिय प्रसारण ऐन, २०४९

(ग) श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१